# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
नेपाल मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१२, अंक-२४ | अवधिः ९-१५ असोज, २०८३ | ९ असोज, २०८३

## मौसमी सारांशः

- गत साताभर मनसुनी वायुको साथै पश्चिमी वायुको प्रभावले देशका अधिकांश केन्द्रहरूमा वर्षा मापन भएको छ। कोशी प्रदेश र गण्डकी प्रदेशका एक-दुई केन्द्रहरूमा १५०.० मिलिमिटरभन्दा बढी साप्ताहिक कुल वर्षा मापन भएका छन्। साताको अन्त्यतिर बङ्गालको खाडीमा विकसित गहिरो न्यून चापीय क्षेत्रको प्रभावसँगै देशभर मनसुनी वायुका साथै पश्चिमी वायुको समेत आंशिक प्रभाव रहेको छ। देशभरमा वर्षा मापन भएका केही केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। विशेषतः कोशी प्रदेशका अधिकांश केन्द्रहरूमा र गण्डकी प्रदेशका केही केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। गत साता देशका धेरै केन्द्रहरूमा साप्ताहिक औसत अधिकतम तापक्रम र न्यूनतम तापक्रम दुवै सरदरभन्दा बढी मापन भएका छन्।
- देशभर मनसुनी वायु तथा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहनेछ। साताको मध्यसम्म बङ्गालको खाडीमा विकसित न्यून चापीय क्षेत्रको समेत प्रभाव रहनेछ। उक्त प्रणाली उत्तर-उत्तरपश्चिमतर्फ सर्दै क्रमशः कमजोर हुँदै जाने सम्भावना छ।
- **हिमाली भू-भागः** सबै प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा मध्यमसम्म वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको मध्य र अन्त्यमा केही स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको मध्यमा केही स्थानमा र अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपशचिम प्रदेशमा साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- **पहाडी भू-भागः** सबै प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा मध्यम वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भू-भागमा साताको मध्य र अन्त्यमा केही स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको मध्यमा केही स्थानमा र अन्त्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। साताको सुरूमा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको केही स्थानमा हावाहुरीको समेत सम्भावना छ। सबै प्रदेशमा साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको तथा गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ। साताको मध्यमा गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा तथा बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- **तराई भू-भागः** सबै प्रदेशमा साताको सुरूमा अधिकांश स्थानमा र मध्यमा केही स्थानमा मध्यम वर्षाको सम्भावना छ। साताको अन्त्यमा कोशी प्रदेशको थोरै स्थानमा तथा मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। सबै प्रदेशमा साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना छ। साताको सुरूमा कोशी र मधेश प्रदेशमा थोरै स्थानमा भारी वर्षा र एक-दुई स्थानमा धेरै भारी वर्षाको, बागमती प्रदेशमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा र एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ। साताको मध्यमा गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा तथा बागमती र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- आगामी साता मध्य र पश्चिमी भू-भागमा औसतभन्दा धेरै वर्षा तथा पूर्वी भू-भागमा औसतको आसपास वर्षा हुने सम्भावना छ।
- अधिकतम र न्यूनतम तापक्रम साताको मध्यबाट बढ्ने सम्भावना छ। अधिकतम र न्यूनतम दुवै तापक्रम पूर्वी भू-भागमा औसतभन्दा बढी र पश्चिमी पहाडी तथा हिमाली भू-भागमा औसतभन्दा कम रहने छ भने बाँकी भू-भागमा औसतको आसपास नै रहनेछ।

## कृषि सारांश

- भारी वर्षाको समयमा तथा नदी खोलामा बाढी आएको बेलामा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर मात्र कृषि कार्य गर्नुहोस्।
- नदी, खोला छेउमा रहेका संरचनाहरू (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्नसक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरू सुरक्षित स्थानमा लैजानुहोस्।
- धान पाक्न लागेका खेत, तरकारीबाली, तथा फलफूल बगैंचामा पानी निकासको व्यवस्था गर्नुहोस्।
- लगातार वर्षाको समयमा सबै किसिमका बालीनालीमा रासायनिक मल, विषादी वा अन्य पोषक तत्वहरू नदिनुहोस्। वर्षा रोकिएपछि खेतबारीमा रोग, कीराको अवस्था अनुगमन गर्नुहोस्।
- धान खेतको गह्राको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।
- कम्पोष्ट/गोठेमल राखिएको ठाँउमा पानी तर्काइ प्लाष्टिक वा त्रिपालले छोपेर राख्नुहोस्।
- बाढी पहिरोले बाटो अवरुद्ध हुनसक्ने भएकोले बजार लैजानुपर्ने फलफूल एवम् तरकारीबाली मौसम र बाटोको अवस्था बुझेर मात्र टिप्नुहोस्।
- हावाहुरीको सम्भावना रहेकोले पसाएको केराको बोट ढल्न नदिन आवश्यक टेको दिनुहोस्।
- हावाहुरीको कारण उखुबाली ढल्न नदिन ४-५ वटा उखुका लाँक्रालाई एकीकृत गरी डोरीले बाँध्नुहोस्।
- अलैंचीमा प्राकृतिक रङ कायम राख्न र धुवाँको गन्ध आउन नदिन टिपिएको अलैंचीलाई १०-१२ प्रतिशत चिस्यान कायम हुनेगरी सुधारिएको भट्टीमा सुकाउनुहोस्।
- लगातार वर्षाका कारण मौरी बाहिर निस्कन नसक्ने भएकाले घारभित्र पर्याप्त आहार र पानीको व्यवस्था गर्नुहोस्। घारमा पानी पस्न तथा घार वरिपरि पानी जम्न नदिनुहोस।
- मेघगर्जन, चट्याङ्ग र हावाहुरी सहितको भारी वर्षाको समयमा खोलानाला उर्लेर आउने भएकाले पशुहरूलाई चराउन खुला ठाउँमा वा खोला किनारमा नलैजानुहोस् र यस समयमा पशुचौपायाको ओसारपसार समेत नगर्नुहोस्।
- निरन्तर वर्षा भइरहेको समयमा पशुचौपायालाई चिसो र कलिलो घाँस धेरै खुवाउँदा पेट फुल्ने समस्या भई मृत्युसमेत हुनसक्ने भएकोले घाँस काटेपछि कम्तीमा २-३ घण्टा घाम वा छाँयामा ओइलाएर पराल वा सुक्खा घाँससँग मिसाएर मात्र खुवाउनुहोस्।
- लगातारको वर्षा र हिलोका कारण पशुचौपायाको खुर कुहिने समस्या देखिनसक्ने हुँदा गोठलाई सुख्खा राखी २% को नीलोतुथोको झोलमा दिनमा २ पटकका दरले लगातार ३ दिनसम्म पशुचौपायाको खुर डुबाउनुहोस्।
- भारी/अति भारी वर्षा हुने स्थानहरूका पोखरीको प्रवेशद्वार र निकाशद्वारमा माछाको साइज अनुसारको जाली लगाइ निरन्तर अनुगमन तथा निरीक्षण गर्नुहोस्।
- मौसमसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नेपाल मौसम विज्ञान विभागको फोन नम्बर ११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशुसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर ११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

# गत हप्ता (२-८ असोज, २०८३) को मौसमी सारांश




**साप्ताहिक वर्षा:** गत साता ११५ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार देशका अधिकांश केन्द्रहरूमा वर्षा मापन भएको छ। कोशी प्रदेश र गण्डकी प्रदेशका एक-दुई केन्द्रहरूमा १५०.० मिलिमिटरभन्दा बढी साप्ताहिक कुल वर्षा मापन भएका छन्। साताको अन्त्यतिर बङ्गालको खाडीमा विकसित गहिरो न्यून चापीय क्षेत्र (Deep Depression) को प्रभावसँगै देशभर मनसुनी वायुका साथै पश्चिमी वायुको समेत आंशिक प्रभाव रहेको छ। देशभरमा वर्षा मापन भएका केही केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। विशेषत कोशी प्रदेशका अधिकांश केन्द्रहरूमा र गण्डकी प्रदेशका केही केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। सबैभन्दा बढी कोशी प्रदेशको संखुवासभा जिल्लाको नुम केन्द्रमा ३०९.१ मिलिमिटर साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रम:** गत साता ११७ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। मधेश प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा ३५.० डि.से भन्दा बढी तथा अन्य तराईका स्थानहरूमा ३०.० डि.से भन्दा बढी साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। मधेश प्रदेशको सिराहा जिल्लाको लाहान केन्द्रमा सबैभन्दा बढी ३७.६ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रम:** गत साता १२० वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। मधेश र लुम्बिनी प्रदेशका तराईका केही स्थानहरूमा २५.० डि.से भन्दा बढी तथा अन्य तराईका स्थानहरूमा २०.० डि.से भन्दा बढी साप्ताहिक औसत न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्डे केन्द्रमा सबैभन्दा कम ७.९ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशतभन्दा कम देखि १० प्रतिशतभन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से.भन्दा कम देखि ०.२ डि.से.भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रबारदेखि बिहीवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहीवारदेखि बुधवारसम्मको तथ्यांकलाई लिएर नक्सा तयार गरिएको छ।*

# आगामी साता (९-१५ असोज २०८३) को मौसमी परिदृश्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ भारीदेखि धेरै भारी हिमपात /वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा र एक-दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना |
| मधेश प्रदेश | तराई | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारी वर्षा र एक-दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना |
| बागमती प्रदेश | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ धेरै भारी हिमपात/वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा तथा अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा र मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| गण्डकी प्रदेश | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ धेरै भारी हिमपात/वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आंशिकदेखि साधारणतया बादल | | |
| | पहाड | मध्यम/भारी/ धेरै भारी /अति भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, एक-दुई स्थानमा अति भारी वर्षा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी/ धेरै भारी /अति भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा तथा अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, एक-दुई स्थानमा अति भारी वर्षा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ धेरै भारी हिमपात/वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/भारी/ धेरै भारी /अति भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, एक-दुई स्थानमा अति भारी वर्षा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी/ धेरै भारी /अति भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा तथा अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, एक-दुई स्थानमा अति भारी वर्षा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ धेरै भारी हिमपात/वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षा/ हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्चपहाड | मध्यम/भारी/ धेरै भारी हिमपात/वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/भारी/ धेरै भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा र अन्त्यमा थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी/ धेरै भारी /अति भारी वर्षा | साताको मध्यबाट बढ्ने | साताको मध्यबाट बढ्ने | साताको सुरूमा अधिकांश बादल, मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/ चट्याङ/ हावाहुरी | साताको सुरूमा अधिकांश स्थानमा, मध्यमा केही स्थानमा तथा अन्त्यमा एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा केही स्थानमा हावाहुरीको समेत सम्भावना; साताको सुरूमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा, एक-दुई स्थानमा अति भारी वर्षा तथा मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| *नोट: साताको सुरूले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमानसम्वन्धी विस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.dhm.gov.np/mfd हेर्नुहोस्।* | | | | | | | |

# कृषि सल्लाह

## भारी/अति भारी वर्षाको समयमा कृषिकर्म गर्दा ध्यान दिनुपर्ने कुराहरू

- धान पाक्न लागेका खेत, तरकारीबाली, तथा फलफूल बगैंचामा पानी निकासको व्यवस्था गर्नुहोस्।
- लगातार वर्षाको समयमा सबै किसिमका बालीनालीमा रासायनिक मल, विषादी वा अन्य पोषक तत्वहरू नदिनुहोस्। वर्षा रोकिएपछि खेतबारीमा रोग, कीराको अवस्था अनुगमन गर्नुहोस्।
- कम्पोष्टरगोठेमल राखिएको ठाँउमा पानी तर्काइ प्लाष्टिक वा त्रिपालले छोपेर राख्नुहोस्।
- बाढीपहिरोले बाटो अवरुद्ध हुनसक्ने भएकोले बजार लैजानुपर्ने फलफूल एवम् तरकारीबाली मौसम र बाटोको अवस्था बुझेर मात्र टिप्नुहोस्।
- हावाहुरीको कारण उखुबाली ढल्न नदिन ४-५ वटा उखुका लाँक्रालाई एकीकृत गरी डोरीले बाँध्नुहोस्।
- खास गरेर नदी, खोला छेउमा रहेका संरचनाहरू (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्नसक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरू सुरक्षित स्थानमा लैजानुहोस्।
- आकस्मिक सामग्रीहरू जस्तै-डोरी, बाल्टिन, टर्च, प्लास्टिक, त्रिपाल, प्राथमिक उपचार सामग्री तयारी अवस्थामा राख्नुहोस्।
- भारी वर्षाको समयमा तथा नदी खोलामा बाढी आएको बेलामा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर मात्र कृषि कार्य गर्नुहोस्।

## खाद्यान्नबाली

- धानबालीमा हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि
  - भित्र्याउन तयार भएका तर काट्न बाँकी रहेका धानबाली वर्षा रोकिएपछि केही दिन पर्खिएर मात्र काट्नुहोस्। यसअघि नै काटेर खेतमै छोडेको धानलाई हावा खेल्नेगरी ओतमा राख्नुहोस्।
  - धान खेतको गह्राको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।
  - झारीसकेको धानलाई हावा आउने ठाउँमा फिँजाइ पंखा चलाएर बेला-बेलामा धानलाई चलाई छिटो सुकाउने प्रबन्ध गर्नुहोस्।
- उच्चपहाडी भेगमा भाँचिसकेको मकै ओतमा राखी हावा खेल्ने ठाउँमा फिँजाउनुहोस्।
- उच्चपहाडी भेगमा गहुँबाली तथा मध्यपहाडी भेगमा तोरी र फापर रोप्नको लागि जग्गा तयारीको बेला भए तापनि केही दिन बारी नजोत्नुहोस्। तयार भइसकेको जग्गामा बीउ छर्न केही दिन पर्खनुहोस्।वर्षा रोकिएपछि तापक्रम बढ्ने र आर्द्रता कायम रहनेहुँदा नयाँ पालुवा तथा पातहरूमा चुसाहा कीराहरूले नोक्सान गर्नसक्ने भएकोले वर्षा रोकिएपछि बालीको नियमित अनुगमन गरी व्यवस्थापनका उपायहरू अपनाउनुहोस्।
- धानबालीमा मरुवा रोग (Blast disease) देखापर्ने बित्तिकै व्यवस्थापनका लागि मौसम सुधार भएपछि ट्राइसाइक्लाजोल ७५% डब्लु पी २ ग्राम प्रतिलिटर पानीको दरले प्रत्येक १२-१४ दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोटहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।



चित्रः धानबालीमा मरुवा रोग

- अगौटे धानबालीमा बाला पसाएपछि दूध पस्ने/भरिने अवधिमा पतेरो कीरा (Gundhi bug) ले धेरै नोक्सानी गर्ने भएकोले नियमीत अनुगमन गर्नुहोस्। एउटा धानको गाँज (हिल) मा १ वटासम्म बयस्क पतेरो कीरा देखिएमा रातको समयमा बत्तिको पासो प्रयोग गरी बयस्क कीरालाइ आकर्षित गरी नष्ट गर्नुहोस्। नोक्सानी ज्यादा भएमा मौसम सुधार भएपछि मालाथियान (Malathion 50% EC) २ एमएल वा साइपरमेथ्रिन (Cypermethrin 10% EC) १.५ एमएल प्रतिलिटर पानीमा मिसाइ धानको बाला राम्ररी भिज्नेगरी छर्कनुहोस्।



चित्रः धानबालीमा पतेरो कीराको प्रकोप

- धानबालीमा ब्याक्टेरियाबाट लाग्ने डढुवा रोग (Bacterial blight) व्यवस्थापनको लागि धानको टुप्पो नकाट्नुहोस्। घाउ चोट लागेका ठाँउबाट रोग छिटो फैलिने हुनाले बोटलाई सकभर घाउ चोट लाग्नबाट बचाउनुहोस्। रोगको लक्षण देखिएमा मौसम सुधार भएपछि एग्रीसिन (स्ट्रेप्टोमाइसिन सलफेट ९% र टेट्रासाइक्लिन हाइड्रोक्लोराइड १%) १ ग्राम प्रतिलिटर पानीको दरले ७-१० दिनको फरकमा २ देखि ३ पटकसम्म सम्पूर्ण पातहरू भिज्नेगरी छर्कनुहोस्।



चित्रः धानको पातमा ब्याक्टेरियाबाट लाग्ने डढ्वा रोगको लक्षण

- उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरू- मुडुले-१, हिमगंगा, तिला, सुर्मा, च्याखुरा, मुनाल, स्वर्गद्वारी, डाँफे, भेरीगंगा, कौटिलामध्ये उपलब्ध जातको गणुस्तरिय बीउ ६.० केजी प्रतिरोपनीको दरले बीउको व्यवस्था गर्नुहोस्।
- मध्यपहाडदेखि उच्चपहाडको लागि सिफारिस गरिएका तोरीको जात; लुम्ले-१, मध्यपहाडको लागि प्रगति र सुर्खेत स्थानीय तोरी-३, बेंसीको लागि उन्नति र प्रितीमध्ये उपलब्ध जात ०.५ केजी प्रतिरोपनी वा ०.३४ केजी प्रतिकट्ठा बीउका दरले बीउको व्यवस्था गर्नुहोस्।

## फलफूलबाली

- विभिन्न तरकारीबालीहरूको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको व्यवस्था गर्नुहोस्।
- फलफूल बालीका नर्सरीहरूमा कलमी गरिएको भागभन्दा तलबाट आएका चोर हाँगाहरू मौसममा सुधार आएपछि काँटछाँट गर्नुहोस्।
- राम्रोसँग छिप्पिएको एभोकाडो फल चोटपटक नलाग्ने गरी मौसममा सुधार आएपछि टिप्नुहोस्। सामान्य चोट लागेमा पनि फल कुहिने र बिग्रिने डर हुनाले क्रेट वा बास्केटमा राखी सुरक्षित तरिकाले बजार लैजानुहोस्।
- स्याउको व्यावसायिक गुणस्तर कायम राख्न फलको रंग, कडापन, बीउको परिपक्वता र जात अनुसारको उचित टिएसएस (TSS) मात्रा (जस्तैः रेड/रोयल डेलिसियस १०-११, गोल्डेन डेलिसियस र गाला १२, तथा फुजी १६ डी. ब्रिक्स) जाँच गरेर मात्र फलमा चोट नलाग्ने गरी टिप्नुहोस्। टिपिसकेपछि तुरुन्तै शीतल छहारीमा राखिएका फलहरूलाई राम्रोसँग सफा र ग्रेडिङ गरी, भण्डारण क्षमता बढाउन क्याल्सियम क्लोराइडले उपचार गरेर खाद्य-उपयुक्त मैनको पातलो तह लगाउनुहोस्। फललाई सुरक्षित राख्न स्टाइरोफोम जालीमा बेरेर, हरेक तहमा डेकप्लेट राखी १० केजी अट्ने ५ प्लाई १६० पिएसआई क्षमताका भेन्टिलेसनयुक्त कार्टुनहरूमा प्याक गरी उपयुक्त ढुवानीका साधनद्वारा जतिसक्दो छिटो गन्तव्यमा पुऱ्याउनुहोस्।
- सबै किसिमका फलफूल बालीमा जरा कुहिने समस्याको व्यवस्थापनका लागि मौसममा सुधार आएपछि १% बोर्डो मिश्रण वा कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा घोली १२-१५ दिनको फरकमा बोटको पुरै जरा भिज्नेगरी २-३ पटक ड्रेन्चिङ गर्नुहोस्।
- सुन्तलाजात फलफूलको बोटको टुप्पो सुक्दै आउने, जरा र फेद कुहिने, पहेंलिने, बोट मर्ने रोग देखिएमा यसको व्यवस्थापनको लागि मौसममा सुधार आएपछि निम्न विधिहरू अपनाउनुहोस्।
  - रोगी बोटहरूको पातको नमुना लिई मान्यता प्राप्त प्रयोगशालाहरूमा सिट्रस ग्रिनिंग रोग (ब्याक्टेरियाजन्य) तथा सिटिभी (भाइरसजन्य) रोग लागे-नलागेको परीक्षण गराउनुहोस्।
  - सुन्तलाको फेद कुहिने समस्याको लागि एन्ट्रिट १०-१५ एमएल प्रतिलिटर पानीमा घोली वृद्दि भइसकेको पातमा १२ लिटर प्रतिबोटको दरले बोटको पुरै पात भिज्नेगरी छर्कनुहोस्। यदि १ वर्ष पुरानो बोट हो भने ५-१० एमएल प्रतिलिटर पानीमा घोली छर्कनुहोस्।



चित्रः सुन्तलाको क्याङ्कर

- सुन्तलाजात फलफूलको क्याङकर (Citrus canker) रोगको समयमा नै पहिचान र उचित व्यवस्थापन गर्न सकिएन भने ठूलो आर्थिक क्षति हुन जान्छ। जीवाणु भित्र पसेको ठाँउमा पात, फल वा कलिला हाँगामा अत्यधिक कोशिकाको संख्या वृद्धि भएर खत (canker) देखापर्छ र खतहरू छिप्पिँदै गएपछि खैरो रङमा परिणत हुन्छन्। यस रोगको व्यवस्थापनका लागि मौसममा सुधार आएपछि बगैंचा सफा राख्ने, हिउँदमा रोगी हाँगाहरू काँटछाँट गरी हटाइ जलाइदिने, काँटछाँटपछि कपर अक्सिक्लोराइड ३ ग्राम प्रतिलिटरको दरले पुरै बोट भिज्नेगरी छर्कने, फेद वरिपरि सफा पारेर १ देखि १.५ हातसम्म बोर्डो पेस्टले लेपिदिने, वर्षा सुरू हुनुअगावै नयाँ पालुवा आउन लागेको बेलामा एकपटक र वर्षायाममा २-३ पटक १ प्रतिशतको बोर्डो मिश्रण स्प्रे गर्नुहोस्।
- सुन्तलाजातका फलफूल बगैंचामा फल कुहाउने औंसाको कारणले झरेका फलहरूबाट लार्भाहरू निस्केर माटोमा जानुभन्दा पहिले नै संकलन गरी नष्ट गर्नुहोस्। यसो गर्दा कीरा व्यवस्थापन भई क्षति न्यूनीकरण हुन्छ।



चित्रः औंसा कीराबाट क्षतिग्रस्त फल संकलन गरी नष्ट गर्ने तरीकाहरू

- हावाहुरीको सम्भावना रहेकोले पसाएको केराको बोट ढल्न नदिन आवश्यक टेको दिनुहोस्।

- भुइँकटहरको फल टिपिसकेपछि फल लागेको मुख्य डाँठलाई फेदबाट धारिलो चक्कुले काटेर हटाउनुहोस्। यसोगर्दा बगैंचामा रोग र कीराको संक्रमणको सम्भावना कम हुन्छ। अर्को वर्ष फेरि फल लिनको लागि प्रतिबोट १ वा २ वटा मात्र बलिया सकर (फेदबाट आउने मुना) राखेर बाँकी सबै मुनाहरू र पुराना, सुकेका र रोग लागेका पातहरूलाई बगैंचाबाट हटाउनुहोस्।

## तरकारीबाली

- तरकारीबालीका नर्सरीमा खर, पराल वा प्लास्टिक आदिको छानो राख्नुहोस्। कलिला बिरुवा मुख्य जमिनमा नसार्नुहोस्।
- तराई, भित्री-मधेश तथा बेंसीमा हिउँदे आलु खेतीका लागि खुमल सेतो-३, खुमल उपहार, खुमल उज्ज्वल, खुमल लक्ष्मी, खुमल रातो-२, आइपिवाई-८, कुफ्री सिन्दुरी, डेजीरे, कार्डिनल, एम.एस. ४२.३ मध्य उपलब्ध जातको बीउ भरपर्दो स्रोतहरूबाट ८०-१०० केजी प्रतिकठ्ठाका दरले व्यवस्था गर्नुहोस्। वर्षा रोकिएपछि शीतभण्डारमा राखिएको बीउआलु झिकी हावा खेल्ने ओभानो ठाउँमा फिँजाएर राम्ररी टुसाउन दिनुहोस्।
- खुर्सानीमा कोत्रे रोग व्यवस्थापनको लागी रोगग्रस्त डाँठ तथा फलहरूलाई हटाउनुहोस्। मौसम सुधार भएपछि मात्र क्लोरोथालोनिल विषादी २ ग्राम प्रतिलिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोटहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।



चित्र : खुर्सानीमा लाग्ने कोत्रे रोग

## अन्य

- लगातार वर्षाका कारण मौरी बाहिर निस्कन नसक्ने भएकाले घारभित्र पर्याप्त आहार र पानीको व्यवस्था गर्नुहोस्। घारमा पानी पस्न तथा घार वरिपरि पानी जम्न नदिनुहोस।
- अलैंची टिपिसकेपछि फल लिइसकेका, रोगी तथा थारा लाँक्रा छुरीको सहायताले जमिनको सतह नजिकैबाट काटी हटाउनुहोस्। फल टिप्दा र काँटछाँट गर्दा आगामी साल फल्ने लाँक्रा जोगाउनुहोस्। काँटछाँट गरेको भाग भिज्नेगरी १% को बोर्डोमिश्रण छर्कनुहोस्।
- अलैंचीमा प्राकृतिक रङ कायम राख्न र धुवाँको गन्ध आउन नदिन टिपिएको अलैंचीलाइ १०-१२% चिस्यान कायम हुनेगरी सुधारिएको भट्टीमा सुकाउनुहोस्।

## पशुपालन

### गाई, भैंसी, भेडा, बाखा

- गोठ, खोरका छानोमा भएका पुराना टिनहरू हावाहुरीले उडाउन नसक्ने गरी बलियोसँग बाँध्नुहोस्। बाढी पस्न सक्ने गोठ, खोरका पशुचौपायालाई तुरुन्तै अग्लो र सुरक्षित ठाउँमा सार्नुहोस्।
- मेघगर्जन, चट्याङ्ग र हावाहुरी सहितको भारी वर्षाको समयमा खोलानाला उर्लेर आउने भएकाले पशुहरूलाई चराउन खुला ठाउँमा वा खोला किनारमा नलैजानुहोस् र यस समयमा पशुचौपायाको ओसारपसार समेत नगर्नुहोस्।
- दाना, दानाको कच्चा पदार्थ, पराल र घाँसलाई भिज्नबाट जोगाउन अग्लो ठाउँमा प्लाष्टिक वा त्रिपालले राम्ररी छोप्नुहोस्।
- ढुसी लागेका घाँस, पराल, दाना वा अन्न पशुपन्छीलाई खुवाउँदा पशुचौपाया बिरामी पर्नसक्ने हुँदा त्यस्तो दाना नखुवाउनुहोस्।
- बाढी वा डुबानले पानीका मुहानहरू दूषित भइ पशुचौपाया बिरामी पर्नसक्ने भएकोले सफा पानी मात्र पिउन दिनुहोस्।
- निरन्तर वर्षा भइरहेको समयमा पशुचौपायालाई चिसो र कलिलो घाँस धेरै खुवाउँदा पेट फुल्ने समस्या भई मृत्युसमेत हुनसक्छ। तसर्थ घाँस काटेपछि कम्तीमा २-३ घण्टा घाम वा छाँयामा ओइलाएर पराल वा सुख्खा घाँससँग मिसाएर मात्र खुवाउनुहोस्। साथै पेट फुलेको लक्षण देखिएमा तुरुन्तै १००-२०० एमएल तोरीको तेल वा प्राविधिकको सल्लाह बमोजिमको औषधी खुवाउनुहोस्।

- लगातारको वर्षा र हिलोका कारण पशुचौपायाको खुर कुहिने समस्या देखिनसक्ने हुँदा गोठलाई सुख्खा राखी २%को नीलोतुथोको झोलमा दिनमा २ पटकका दरले लागातार ३ दिनसम्म पशुचौपायाको खुर डुबाउनुहोस्।
- वर्षातको समयमा गाई, भैंसी र भेडाबाख्रामा चरचरे रोग देखा पर्नसक्ने र सो रोगले उच्च ज्वरो समेत आउने हुँदा यसको उपचारको लागि पेनिसिलिन औषधीको सुइ प्राविधिकको सहयोगमा १०,००० IU प्रतिकेजी शारीरिक तौलअनुसार मासुमा ५-६ दिनसम्म लगातार लगाउनुहोस्।



चित्रः खोर वरपर जमेको हिलो

- यस समयमा बाख्रामा कुम्री (ढकेरी) रोग देखिनसक्ने भएकोले यसको रोकथामको लागि भदौदेखि कात्तिकसम्म मासिक एक चक्की डाइ इथाइल कार्बामाजिन (डीईसी)-१०० एमजी खुवाउनुहोस्। ढकेरी रोग ग्रसित बाख्राको हकमा दैनिक एक चक्की डीईसी सात दिनसम्म खुवाउनुहोस् र साथमा भिटामिन बी कम्पलेक्सको सुई २-३ दिनसम्म लगाउनुहोस्।

## कुखुरा, हाँस, बंगुर

- पानी परिरहेको, हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरूमा सुलसुले, जुम्राजस्ता बाह्य परजीवीहरूको समस्या देखिनसक्ने हुँदा बाह्य परजीवीनाशक विषादीहरू जस्तै- स्पिनोसाड, साइपरमेथ्रिन, वा एमिट्राज भेटेरिनरी प्राविधिकको सल्लाहमा प्रयोग गर्नुहोस्।
- ब्रोइलर तथा लेयर्स कमर्सियल कुखुराहरूलाई विभिन्न किसिमका रोगहरूबाट बचाउन अनुसूची-२ मा दिइए अनुसार खोप लगाउनुहोस्।
- कुखुराको खोरमा भिजेको मल तथा सोत्तर तुरुन्त हटाइ ओभानो भुस राख्नुहोस्। कुखुराको मृत्युका विभिन्न कारणहरूमध्ये प्रमुख कारण ई.कोलाई संक्रमण भएकोले यसबाट बचाउनको लागि खोरको सोत्तर वा भुस सुख्खा र खुकुलो राख्नुहोस्। क्लोरिन वा सुरक्षित औषधि प्रयोग गरिएको सफा पानी मात्र कुखुरालाई सधैं पिउन दिनुहोस्। साथै पानीका भाँडा दिनहुँ सफा राख्नुहोस् र खोरभित्र एमोनिया ग्यासको गन्ध हटाउनको लागि हावाको राम्रो ओहोरदोहोर हुने व्यवस्था मिलाउनुहोस्।

## मत्स्यपालन

- भारी/अति भारी वर्षा हुने स्थानहरूका पोखरीको प्रवेशद्वार र निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाइ निरन्तर अनुगमन तथा निरीक्षण गर्नुहोस्।
- भारी/धेरै भारी वर्षा हुने स्थानहरूमा वर्षातको अवधिमा माछापालनमा गरिने सम्पूर्ण कार्यहरू (दाना दिने, माउमाछा छनौट, प्रजनन कार्य, ह्याचारीबाट ह्याचलिंग तथा भुरा नर्सरी पोखरी सार्ने कार्य, माछाको उपचार, भुरा तथा खानेमाछा बेचबिखन आदि) बन्द गर्नुहोस् र वर्षात रोकिएपछि सञ्चालन गर्नुहोस्।
- माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। हिलो (लेदो) पसेर माछाको श्वासप्रश्वासमा असर पुऱ्याइ माछा मर्नसक्ने हुँदा हिलो थेग्र्याउन १.५ मिटर गहिराइ भएको पोखरीमा फिटकिरी (Alum) १०-१२ केजी प्रतिकट्ठाका दरले बाल्टीमा घोलेर पोखरीको चारै कुनामा पर्नेगरी ३ दिन बिराइ अधिकतम तीनपटकसम्म पोखरीको उपचार गर्नुहोस्। फिटकिरी उपचार गरेको भोलिपल्ट चुना ५ केजी प्रतिकट्ठा पानीमा घोली पोखरीको उपचार गर्नुहोस्।
- भारीदेखि धेरै वर्षा हुने स्थानहरूका पोखरीको मलिलोपना बग्न गई प्राकृतिक आहारा कम हुने हुँदा वर्षात रोकिएपछि माछापोखरीमा १५ दिनको फरकमा १०-१५ केजी कम्पोस्ट मल राख्नुहोस्। यसका अतिरिक्त ७०० ग्राम युरिया र ५०० ग्राम डिएपि प्रतिकट्ठाका दरले पानीमा घोली पोखरीको सबैतिर पर्नेगरी ७ दिनको फरकमा राख्नुहोस्।
- मौसम सुधार भएपछि ठूला भुरा/फिंगरलिङ र खानेमाछा उत्पादनको लागि २५% प्रोटिन भएको सन्तुलित दाना शारीरिक तौलको

३-५ प्रतिशतको दरले दैनिक दिनुहोस्। दानाको बोरालाई सफा, ओभानो, सुख्खा र हावा खेल्ने कोठामा काठको फल्याकमाथि राखी बेला-बेलामा निरीक्षण गर्नुहोस्।

- माछापालन गर्ने कृषकहरूले व्यवसायमा हुने जोखिम कम गर्न बीमा गर्नुहोस्। थप जानकारीको लागि नजिकैको गाउँपालिका, नगरपालिका र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस्।

## घाँसेबाली

- पशुचौपायालाई धेरै कडा, सुख्खा वा पुराना डाँठ भएका जंगली घाँसहरूले पाचन प्रणालीमा असर गर्ने हुँदा यस समयमा पाइने नरम र सजिलै पच्ने हरियो घाँस (जस्तै-नेपियर, गिनी, स्टाइलो, मकै, टियोसिन्टी, मोलाटो, सेटेरिया आदि) खुवाउनुहोस्।
- नेपियर, टियोसिन्टी, प्यारा घाँस तथा अन्य बहुवर्षीय घाँसहरू ४५-६० सेमी उचाइ पुगेपछि काट्नुहोस्। काटेको हरियो घाँस ओतमा राख्नुहोस्।
- वर्षेघाँस लगाउने उपयुक्त समय भएकोले निम्न अनुसारको घाँसेबालीहरू मौसम सुधार भएपछि लगाउन थाल्नुहोस्।

| घाँस | सिफारिस क्षेत्र | घाँसको जातहरू | बीउको मात्रा (प्रति हेक्टर) | मलको मात्रा (प्रति हेक्टर) | छर्ने तरिका |
|---|---|---|---|---|---|
| मकै | तराई तथा मध्यपहाड | मनकामना, देउती, अरुण | ३०-३५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| जुनेलो | तराई तथा मध्यपहाड | एमपि चरी, स्थानीय, स्विस सरगम | २५-३० केजी | ८०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| टियोसेन्टी | तराई तथा मध्यपहाड | सिर्सा | ३५-४० केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| सुडान | तराई तथा मध्यपहाड | पिपर स्वीटसुडान | १०-१५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बाजरा | तराई तथा मध्यपहाड | जोइन्ट बाज्रा | १०-१२ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बोडी | तराई तथा मध्यपहाड | कात्तिके बोडी, आकाश, प्रकाश, सूर्य | ४०-५० केजी | २०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| भटमास | तराई | हार्डी, कब | ३०-३५ केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| | मध्यपहाड | लुम्ले, सेती, पूजा | | | |
| मस्याङ | तराई तथा मध्यपहाड | स्थानीय | २०-३० केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| जै | उच्च पहाड | गणेश, पार्वती, अमृतधारा | १००-१२० केजी | ८०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |

## कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विज्ञ समूह


| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. तुलसी प्रसाद पौडेल | पशु आहारा | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | harmfree@gmail.com | ९८५११९४२७८ |
| २ | डा. श्रीप्रसाद विष्ट | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | spvista002@gmail.com | ९८५१२७४९८२ |
| ३ | सूर्य प्रसाद बराल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ६ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| ७ | कुमार मणी दाहाल | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| ८ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| ९ | प्रकाश कुंवर | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | prakash.kunwor66@gmail.com | ९८४१५८०२३५ |

# अनुसूची-१ः नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावली

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आँकलन X क्षेत्र, जहाँ आँकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने सम्भावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुनसक्ने संभावित भूभाग (%) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आँकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (विहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राति) | 6 PM to 6 AM (Next day) |

स्रोतः मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग

# अनुसूची-२ः ब्रोइलर तथा लेयर्स कमर्सियल कुखुराको खोप तालिका

## क. ब्रोइलर कुखुराको खोप तालिकाः

| कुखुराको उमेर (दिनमा) | रोगको नाम | खोपको नाम | खोप लगाउने तरिका |
|---|---|---|---|
| ५-७ दिन | रानीखेत | एन.डि.एफ् वा बी वा आई टु स्ट्रेन | नाक वा आँखामा १/१ थोपा राख्ने वा पिउने पानीमा |
| ८-१२ दिन | गम्बरो | आई.वि.डि. इन्टरमेडियट स्ट्रेन | नाक वा आँखामा १/१ थोपा राख्ने वा पिउने पानीमा |
| १८ देखि २१ दिन | गम्बरो | आई.वि.डि. इन्टरमेडियट स्ट्रेन | आँखामा |
| २४-२६ दिन | रानीखेत | लासोटा/एफ | पिउने पानीमा |

## ख. लेयर्स कमर्सियल कुखुराको खोप तालिकाः

| कुखुराको उमेर | रोगको नाम | खोपको नाम | खोप लगाउने तरिका |
|---|---|---|---|
| १ दिन | मरेक्स | सि.भि. १९८८ वा एच.भि.टि. | १ एमएल छाला मुनि |
| ५-७ दिन | रानीखेत | एन.डि.एफ् वा बी वा आइ टु स्ट्रेन | नाक वा आँखामा १/१ थोपा राख्ने वा पिउने पानीमा |
| ८-१२ दिन | गम्बोरो | आइ.वि.डि. इन्टरमेडियट स्ट्रेन | नाक वा आँखामा १/१ थोपा राख्ने वा पिउने पानीमा |
| १८-२१ दिन | गम्बोरो | आइ.वि.डि. इन्टरमेडियट स्ट्रेन | नाक वा आँखामा १/१ थोपा राख्ने वा पिउने पानीमा |
| २४-२६ दिन | रानिखेत, आइ.बि. | एन.डि. लासोटा र आइ.बि. | पिउने पानीमा |
| ४२ दिन | फाउल पक्स | फाउल पक्स | पखेटामा |
| ४९-५० दिन | रानीखेत, आइ.बि. | एन.डि. लासोटा र आइ.बि. | पिउने पानीमा |
| ८-१० हप्ता | रानीखेत | आर. २ .बि | मासुमा |
| १२-१४ हप्ता | फाउल पक्स | फाउल पक्स | पखेटामा (विङ्ग वेभ) |
| १४ हप्ता | आइ.बि. | आई.बि.एच. १२० | पिउने पानीमा |
| १५ हप्ता | रानीखेत | एन.डि. लासोटा | पिउने पानीमा |
| १६ हप्ता | रानीखेत र आइ.बि. | एन.डि. आइ.वि किल्ड | ०.५ एमएल मासुमा |